# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मितिः २०८२।०२।२६ गते।

## प्रेस विज्ञप्ति

**विषयः काठमाडौं महानगरपालिका, काठमाडौंका तत्कालीन इन्जिनियर (उपनिर्देशक) रामबाबु महतो कोईरी उपर गैरकानूनी रुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको सम्बन्धी आरोपपत्र दायर गरिएको।**

जिल्ला धनुषा, क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ५ (साबिक नकटाझिज-६) स्थायी वतन भई हाल जिल्ला काठमाडौं, काठमाडौं महानगरपालिका वडा नं. ४ चण्डोल बस्ने रामबाबु महतो भन्ने रामबाबु महतो कोइरीले पदीय मर्यादा विपरीतका कार्यहरू गरी गैरकानूनीरुपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने उजुरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा निज रामबाबु महतोले काठमाडौं महानगरपालिकाको कार्यालय, काठमाडौंमा सार्वजनिक पदधारण गरेको मिति २०४६/०१/१९ गतेदेखि मिति २०७८/११/३० गतेसम्मको जाँच अवधिमा निज प्रतिवादी समेतको अनुसन्धानको क्रममा सङ्कलित विभिन्न बैङ्क तथा वित्तीय संस्थाहरु एवम् सहकारी संस्थाहरुबाट प्राप्त बैंक खाताको विवरण (Bank Statement), चेक भौचर लगायतका विवरणहरु, एभरेष्ट बैंक लिमिटेडबाट प्राप्त धितो मूल्यांकन प्रतिवेदन, भूमिसुधार तथा मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौं र जनकपुरधाम, धनुषा, मालपोत कार्यालय, चाबहिल, काठमाडौंबाट प्राप्त जग्गा खरिद सम्बन्धी राजीनामा लिखत पारितका कागजातहरु, भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषाको अंशबण्डा पत्र, क्षीरेश्वरनाथ नगरपालिका वडा नं. ७ को घरबाटो सिफारिस पत्र, यातायात व्यवस्था कार्यालयबाट प्राप्त पत्र, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वरबाट प्राप्त पत्र, आन्तरिक राजस्व कार्यालय, टंगालबाट प्राप्त पत्र र कागजात, त्रियोग बचत तथा ऋण सहकारी संस्था लिमिटेड, मण्डिखाटार, काठमाडौंबाट प्राप्त पत्र, स्टेटमेन्ट, चेक भौचरहरू, ऋण आवेदन पत्र, काठमाडौं महानगरपालिकाको कार्यालय र मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, बागमती प्रदेशबाट प्राप्त सम्पत्ति विवरण फाराम, लिटिल एन्जल्स स्कूल, हात्तीबन, मल्पि सिटी स्कूल, नक्साल, मल्पि इन्टरनेशनल कलेज, बालुबाटार, द चाँदबाग स्कूल, बाँसबारी, पेन्टागन उ.मा.वि, तीनकुने, बालुवाटार स्कूल, काठमाडौं, नाइटिङ्गेल स्कूल, कुपण्डोलबाट प्राप्त अध्ययन शुल्क खुल्ने पत्र र कागजातहरू, बीमा समिति र यूनियन लाइफ इन्स्योरेन्स लगायतका विभिन्न बीमा कम्पनीबाट प्राप्त पत्र, प्रतिवादीहरूका साथै जग्गा बिक्रेताहरु, वडा सचिव र जग्गाको कारोबारसँग सम्बन्धित व्यक्तिहरूको बयान/घटना विवरण कागज लगायत प्रतिवादी रामबाबु महतोले अनुसन्धानको क्रममा पेस गरेका कागजात सहितका आधार प्रमाणहरुलाई समष्टिगत रुपमा विश्लेषण गरी हेर्दा प्रतिवादी रामबाबु महतो भन्ने रामबाबु महतो कोईरीको आयको तुलनामा व्यय अमिल्दो देखिएको, मनासिब कारणबिना अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको पुष्टि भएकोमा उक्त सम्पत्ति के कस्तो श्रोतबाट आर्जन गरेको हो भन्ने कुरा प्रतिवादी रामबाबु महतो भन्ने रामबाबु महतो कोईरीले शङ्कारहित तबरबाट प्रमाणित गर्न नसकेको कारणबाट निज प्रतिवादी रामबाबु महतो भन्ने रामबाबु

महतो कोईरीले गैरकानूनीरुपमा सम्पत्ति आर्जन गरेको समेतको कसूरजन्य कार्य गरेको वारदात स्थापित भएको।

अनुसन्धानको जाँच अवधिको आय-व्ययहरुको गणना गरी अनुसन्धान गर्दा जाँच अवधिमा सिर्जित सम्पत्ति एवं खर्च तथा लगानीहरुमा गरिएको कूल खर्च र सोही अवधिको आयहरुको आय-व्यय प्रवाह विवरण (Income Expenditure Flow Chart) अनुसार जाँच अवधिमा स्रोत खुल्न आएबमोजिम प्रतिवादी रामबाबु महतोको वैध आय **रु.३,३७,७९,४००।३४ (तीन करोड सैंतीस लाख उनासी हजार चार सय रुपैयाँ चौंतीस पैसा)** को अनुपातमा सोही अवधिमा प्रतिवादी रामबाबु महतोले सिर्जना गरेका सम्पत्ति एवं खर्च तथा लगानी **रु.७,९६,७६,८०४।२३ (सात करोड छयानब्बे लाख छयहत्तर हजार आठ सय चार रुपैयाँ तेइस पैसा)** देखिन आएबाट निज प्रतिवादी रामबाबु महतोको अनुसन्धान अवधिको कूल आयआर्जन **रु.३,३७,७९,४००।३४ (तीन करोड सैंतीस लाख उनासी हजार चार सय रुपैयाँ चौंतीस पैसा** मा निजले गरेको कूल खर्च तथा लगानी (व्यय) **रु.७,९६,७६,८०४।२३ (सात करोड छयानब्बे लाख छयहत्तर हजार आठ सय चार रुपैयाँ तेइस पैसा)** घटाउँदा हुन आउने **रु.४,५८,९७,४०३।८८ (चार करोड अन्ठाउन्न लाख सन्तानब्बे हजार चार सय तीन रुपैयाँ अठासी पैसा)** ले कूल आयभन्दा कुल व्यय अधिक हुन गई सोही बराबरको सम्पत्तिको स्रोत पुष्टि गर्न नसकेको हुँदा निजले सार्वजनिक सेवाको पदमा बहाल रहँदा आफ्नो पदीय हैसियतको दुरुपयोग गरी गैरकानूनी सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको पुष्टि हुन आएकोले निज रामबाबु महतोको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (१) मा परिभाषित एवं निषेधित गरिएबमोजिमको कसुर गरेको पुष्टि भएको हुँदा निजलाई बिगो **रु.४,५८,९७,४०३।८८ (चार करोड अन्ठाउन्न लाख सन्तानब्बे हजार चार सय तीन रुपैयाँ अठासी पैसा)** कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० को उपदफा (२) बमोजिम बिगो अनुसार कैद र बिगोबमोजिम जरिवाना हुनका साथै भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख बमोजिम गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्ति जफत गरी पाउन र निजले यस आयोग समक्ष पेस गरेको सम्पत्ति विवरणमा वास्तविक सम्पत्तिको विवरण उल्लेख नगरी सम्पत्ति लुकाई छिपाई झुट्टा विवरण पेस गरेको पुष्टि भएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिमको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ को उपदफा (२) बमोजिम कैद र जरिवाना गरी यसरी लुकाई छिपाई राखिएको सम्पत्ति जफत हुन मागदाबी लिइएको छ।

साथै निज रामबाबु महतो सार्वजनिक सेवाको पदमा रहँदाका बखत अख्तियारको दुरुपयोग गरी गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको स्रोत नखुल्ने सम्पत्तिबाट श्रीमती माला कुमारी महतोको नाममा जग्गा खरिद, शेयर खरिद, घर निर्माण र बैङ्क मौज्दात समेतको सम्पत्ति भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ख. समेतको प्रचलित कानून बमोजिम जफत गर्ने प्रयोजनार्थ मात्र निज माला कुमारी महतोलाई प्रतिवादी कायम गरी आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**प्रवक्ता**
**राजेन्द्र कुमार पौडेल**